कार्यपालिकाको बैठक संख्या:-६०

आज मिति २०८१/०९/०३ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थिति:-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री कमल वहादुर क्षेत्री | |
| १८. | प्रशासन शाखा प्रमुख | श्री गोपाल व. सेन ओली | |
| १९. | का.स. | श्री राम प्रसाद अर्याल | |
| २०. | प्रशासन सहायक पाँचौ | श्री पवित्रा सत्याल | |

प्रस्तावहरु:-

१. गाउँकार्यपालिकाले गरेका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा

२. हिउँदे अधिवेशन आव्हानको मिति तय सम्बन्धमा

३. हाल सम्मको गाउँपालिकाको वित्तिय प्रगति सम्बन्धमा

४.लिसा सम्बन्धी आवश्यक प्रतिवेदन/नतिजा तयारी सम्बन्धमा

५.फूलबारी चोरकाटे अर्जै बोम नेटा भिमगिठे सडक आयोजनामा पहिलो ठेक्काबाट वचत रकमबाट ठेक्का खोल्ने सम्बन्धमा

६.वडा नं.-४ को वडा सचिवलाई वडा नं.-५ को वडाको थप जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा

७.१५ शैयाको हस्पिटल निर्माणका लागि श्रोत सुनिश्चता र ठेक्का खोल्ने सम्बन्धमा

८.१५ शैया अस्पत्तालको निर्माणको लागि तयार भएको ल.ई. स्वीकृति सम्बन्धमा

९. प्रमुख प्रशासकीय भवनको समुद्घाटन गर्ने सम्बन्धमा

१०.खड्क आ.वि. को नयाँ भवन निर्माण सम्बन्धमा

११.सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि सूचिकृत सम्बन्धमा

१२. आयुर्वेद सेवा कार्यक्रममा विनियोजित रकम सम्बन्धमा

१३. घ वर्गको निर्माण व्यवसाय सञ्चालनका लागि इजाजत पत्र दिने सम्बन्धमा

१४.राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा श्रोत सुनिश्चितता

१५.मालिका तारा कार्यक्रम सञ्चालन सम्बन्धमा

१६. खर्च अनुमोदन सम्बन्धमा

**बैठकले गरेका निर्णयहरु:-**

| क्र.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | चालु आ.व.२०८१/०८२ अन्तरगत ६० औ कार्यपालिकाको बैठक बाहेक ८ वटा कार्यपालिकाका बैठकहरु सम्पन्न भएका र सम्पन्न बैठकहरुमा विभिन्न विषयमा निर्णयहरु भएकोमा उक्त निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा समिक्षात्मक छलफल गरी केही निर्णयहरु हालसम्म कार्यान्वयन नभएको कारण उक्त निर्णयहरुलाई यथासक्य छिटो कार्यान्वयनमा लैजानको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। |
| २. | प्रशासन शाखा | यस गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को हिउँदे अधिवेशन २०८१/०९/२५ गते आव्हान गर्ने निर्णय गरि सोको आवश्यक तयारीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो । |

| | | |
|---|---|---|
| ३. | लेखा शाखा | चालु आ.ब.२०८१/०८२ अन्तरगत हालसम्म यस गाउँपालिकाको वित्तिय प्रगति तपसिल अनुसार भएको, वित्तिय प्रगति सन्तोषजनक नभएको कारण स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनमा विशेष जोड दिई आगामी चैत मसान्त भित्र करिव ७५ प्रतिशत पूँजिगत वित्तिय प्रगति हासिल गर्ने गरी कार्य प्रकृया अगाडी वढाउनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।<br>तपसिलः-<br>१.पूँजिगत शिर्षक तर्फ रु. ३६.५५ प्रतिशत<br>२.चालु शिर्षक तर्फ रु. ४०.८५ प्रतिशत |
| ४. | प्रशासन शाखा | आ.ब.२०८०/०८१ को लिसा सम्बन्धी आवश्यक कामकाजको लागि यस गाउँपालिकाका सूचना अधिकारी श्री जगत वहादुर पौडेलको संयोजकत्वमा रोजगार संयोजक श्री वसन्त भट्टराई र महिला विकास शाखा प्रमुख टिका गौतम सम्मिलित ३ सदस्यीय समिति गठन गरी आवश्यक कामकाजको जिम्मेवारी प्रदान गर्ने र उक्त समितिलाई सहयोग गर्नको लागि सम्पूर्ण शाखा प्रमुखहरुलाई निर्देशन दिने निर्णय गरियो। |
| ५. | योजना शाखा | चालु आ.ब.२०८१/०८२ अन्तरगत संघीय सरकार समपुरक अनुदान कार्यक्रमबाट फूलवारी चोरकाटे अर्जे बोम नेटा भिमगिठे सडक आयोजनामा रकम विनियोजन भएकोमा पहिलो ठेक्काबाट वचत हुन गएको रकम उक्त आयोजनाको मालिका गाउँपालिकाको वडा नं.-५ रग देखि वडा नं.-१ नेटाको वडा कार्यालय भवन रहेको स्थानसम्मको खण्डमा कामकाज गर्ने गरी दोश्रो ठेक्काको लागि सूचना प्रकाशन गर्ने निर्णय गरि प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| ६. | प्रशासन शाखा | मालिका गाउँपालिकाको ५ नं. वडा कार्यालय छापहिलेमा वडा सचिवको रुपमा कामकाज गर्दै आउनु भएका वडा सचिव श्री भुमिश्वर गौतम विरामी परि दुइवटा वडा सञ्चालन गर्न नसक्ने भनि निवेदन पेश गरेको कारण यस गाउँपालिकाको ४ नं. वडा कार्यालयमा कार्यरत वडा सचिव श्री मन वहादुर थापालाई उक्त वडाको थप कामकाज गर्ने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो। |
| ७. | योजना शाखा | गुल्मी जिल्लाको यस गाउँपालिकामा १५ शैयाको अस्पत्ताल जग्गा विवादको कारण हालसम्म निर्माण नभएको तर भूगोलको हिसावले अति आवश्यक भएकोले निर्माणको लागि DPR Revised गरि जग्गाको विवाद समेत समाधान भएको, DPR Revised पश्चात १५ शैया अस्पत्ताल निर्माणको कूल लागत अनुमान रकम रु.२३,९६,९५,७४६/६९(अक्षेरुपी तेइस करोड, छ्यानब्बे लाख, पन्चानब्बे हजार, सातसय छ्यालिस रुपैया पैसा उन्सत्तरीमात्र) हुन आएको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.-२९६/२९८ र |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ, प्युठान

| | | |
|---|---|---|
| | | मिति २०७७/७/२५ र २६गतेको श्रोत स्वीकृत/सुनिश्चित भएको पत्रानुसारको रकम रु.१८,०६,८२,०००/-अक्षेरुपी अठार करोड छलाख बयारी हजारमात्र भएकोले आवश्यक पर्ने अपुग रकम रु. ५,९०,१३,७४६/६९ (अक्षेरुपी पाँच करोड, नब्बे लाख, तेह्र हजार, सातसय, छ्यालिस रुपैयाँ, पैसा उन्सत्तरीमात्र) मिति २०८१/०३/०७ गतेको गाउँसभाको निर्णयको मकसद अनुरुप वहुवर्षिक ठेक्का भएकोले गाउँपालिकाको वित्तिय समानीकरण अनुदान वा आन्तरिक श्रोतबाट समानुपातिक/सम्झौता अवधि भित्र अपुग रकम भुक्तानी गर्ने गरी श्रोत सुनिश्चित गरिएको सम्बन्धमा निर्णय गरी तत्काल १५ शैया अस्पताल निर्माणको लागि ठेक्का खोल्ने निर्णय गरियो। |
| ८ | योजना शाखा | यस गाउँपालिमा १५ शैया अस्पत्तालको निर्माणको लागि Astra Engineering Consultancy pvt.ltd. काठमान्डौले तयार गरेको कूल लागत अनुमान रु. २३,९६,९५,७४६/६९ (अक्षेरुपी तेइस करोड छयानब्बे लाख पन्चानब्बे हजार सातसय छ्यायालिस रुपैयाँ पैसा उन्सत्तरीमात्र) को लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो। |
| ९ | प्रशासन शाखा | यस मालिका गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न भएकोले सम्माननीय पूर्वप्रधानमन्त्री एव नेकपा (माओवादी केन्द्र) का अध्यक्ष श्री पुष्पकमल दाहाल प्रचण्ड ज्यूको वाहुलीबाट निर्माण सम्पन्न भएको गाउँपालिकाको प्रशासनिक भवन, पिस पार्क तथा हेलिप्याडको मिति २०८१ साल फाल्गुन ०१ गते दिनको ११ बजे समुद्घाटन गर्ने सम्बन्धमा निर्णय गरी यस गाउँपालिकाको प्रशासनिक भवनको समुद्घाटन कार्यक्रममा सरिक भइदिनुहुनका लागि आमन्त्रण गर्ने निर्णय गरियो। |
| १० | शिक्षा शाखा | चालु आ.ब.२०८१/०८२ अन्तरगत लुम्विनी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट यस गाउँपालिकाको वडा नं.-८ मरभुङ्गमा रहेको श्री खड्क आधारभूत विद्यालयको पक्की भवन निर्माणको लागि रु.२० लाख रकम विनियोजन भएकोमा सामाजिक विकास डिभिजन कार्यालय पाल्पाबाट कार्यान्वयन हुने उक्त आयोजना निर्माणको लागि स्टान्डर्ड नर्म्स अनुसारको भवन निर्माणका लागि जग्गा उपलब्ध नभएको तर विद्यार्थींको संख्या कम भएको कारण विद्यालय भवनको चौडाई घटाएर भवन निर्माण गर्ने गराउने विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकामा निर्णयको लागि पेश हुन आएकोले विद्यार्थी अनुपातमा विद्यालय भवनको चौडाई घटाउँदामा कुनै समस्या नआउने भएको हुँदा सामाजिक विकास डिभिजन कार्यालयलाई सोही अनुसार विद्यालय भवन निर्माणका लागि आग्रह गर्ने निर्णय गरियो। |
| ११. | स्वास्थ्य शाखा | यस मालिका गाउँपालिकाको वडा नं.-४ अर्खवाङ्ग स्थित श्री अर्खावाङ्ग स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. काउन्सिल नं.३२३२२ भएकी श्री सिमा कुमारी थापाले यस कार्यालयमा |

| | | |
|---|---|---|
| | | स्वास्थ्य सेवा प्रदायक सूचिकृतको लागि दिएको निवेदन अनुरुप निजले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मिति २०८१/०६/१३ देखि २०८१/०६/१७ गते सम्म Medical Abortion सम्बन्धी तालिम लिएको हुँदा निजको निवेदन बमोजिम स्वास्थ्य सेवा प्रदायक अन्तरगत MA को रुपमा सूचिकृत गर्ने निर्णय गरियो। |
| १२. | आयुर्वेद शाखा | चालु आ.ब.२०८१/०८२ को संघीय सरकारको वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिकामा आयुर्वेद सेवा कार्यक्रम शिर्षकमा रु.४०००००/- चार लाख रकम विनियोजन भएकोमा उक्त विनियोजित रकममध्येबाट जेष्ठ नागरिकहरुलाई रसायन औषधि वितरणका लागि रु.१,८०,०००/- को औषधि खरिद तथा रु.२०,०००/- को कार्यक्रम सञ्चालन खर्च गरी जम्मा रु.२ लाख रकम उक्त कार्यक्रममा विनियोजन गर्ने निर्णय गरियो। |
| १३. | व्यवसाय दर्ता शाखा | गुल्मी जिल्ला मालिका गाउँपालिका -१ निवासी श्री इन्द्र बहादुर घर्ती निर्मोहीले यस कार्यालयमा मालिका गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी दर्ता सम्बन्धी कार्यविधि, २०७९ (प्रथम संशोधन सहित) को दफा २ को १ अनुसार अनुसूची १ तयार गरी आवश्यक कागजात सहित निर्माण कार्य गर्नको लागि एन एन्ड एन कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.ली.(मालिका-१ नेटा, गुल्मीमा कार्यालय रहने गरी) दर्ता गरी इजाजत पत्र पाउँ भनि निवेदन दिइएकोमा व्यवसाय दर्ता शाखाबाट आवश्यक कागजात सहित उक्त निर्माण व्यवसाय दर्ताका लागि सवै प्रकृया पुरा भएको भनि राय सहित पेश हुन आएकोले उक्त निर्माण व्यवसायी यस गाउँपालिकामा दर्ता गरी इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो। |
| १४. | शिक्षा शाखा | शैक्षिक सत्र २०८१/०८२ मा गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको सहभागितामा सञ्चालन गरिने राष्ट्रपति रिनिङ्ग शिल्ड कार्यक्रम सञ्चालनको लागि चालु आ.ब. २०८१/०८२ मा वित्तिय समानिकरण अनुदानबाट रु.१ लाख रकम विनियोजन भएकोमा उक्त रकम अपुग हुने र सञ्चालन गर्न नसकिने भएको कारण थप श्रोत सुनिश्चितताको लागि शिक्षा शाखाबाट माग भए अनुसार दाँते ओखर प्रवर्द्धन कार्यक्रमा विनियोजित रकम रु.१,५०,०००/-बाट रु.१,००,०००/- हिउँदे अधिवेशनबाट रकमान्तर गरी श्रोत सुनिश्चित गर्नुको साथै २ लाख रकमबाट उक्त कार्यक्रम देविस्थान मा.वि. मालिका -७ घमिरमा सञ्चालन गर्ने निर्णय गरियो। |
| १५. | प्रशासन शाखा | यस गाउँपालिकाको युवाहरु माझ लोकप्रिय कार्यक्रम मालिका तारा कार्यक्रम विगतका वर्षहरु देखि नियमित रुपमा सञ्चालन हुँदै आएको र चालु आ.ब.२०८१/०८२ मा पनि मालिका तारा कार्यक्रमको लागि रकम रु.१,५०,०००/- विनियोजन भएकोले वढी भन्दा वढी प्रतियोगिहरु सहभागि गराउने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो। |

| | | |
|---|---|---|
| १६. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न कार्यक्रम अन्तरगत विभिन्न शिर्षकबाट २०८१ मंसिर मसान्त सम्ममा भएको कूल भुक्तानी रकम रु.२४,३७,६६८/- अनुमोदन गर्ने निर्णय गरियो। |